श्री

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

को

**प्रबन्धपत्र**

१. **कम्पनीको नाम** :- यस कम्पनीको नाम "नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड" हुनेछ । अंग्रेजीमा Nepal Parvahan Tatha Godam Bewatha Company Limited र अंग्रेजी छोटकरीमा NTWCL भनिनेछ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिस्टर्ड कार्यालय काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं ६ मा रहनेछ ।

३. **यस कम्पनीको देहायका उद्देश्य रहने छन् ।**

(क) आयात/निर्यात व्यापारमा सुविधा उपलब्ध गराई नेपालको अर्थ व्यवस्थाको विकासमा टेवा दिने।

(ख) आयात/निर्यात व्यापारमा पारवहन सम्बन्धी सुविधाहरूमा वृद्धि र खर्चमा स्थिरता ल्याउने किसिमसँग आफ्नो कारोबार सञ्चालन गर्ने।

(ग) सरकारी र गैर-सरकारी जुनसुकै ग्राहकहरूलाई आवश्यक सुविधा तथा सेवा उपलब्ध गराउने।

(घ) आधिकारिक निकायको स्वीकृति र सहमतिले प्रचलित कानूनको अधीनमा रही आयात/निर्यात व्यापारको लागि सुविधाजनक गोदामघर CFS/ICD/ICP पूर्ण रुपमा वा आंशिक रुपमा सञ्चालन गर्ने।

(ङ) नेपालको सामान राख्ने गोदामघर वा क्षेत्रबाट नेपालको लागि हुने वा नेपालबाट निर्यात हुने मालसामानको पारवहनमा सुविधा एवं सेवा उपलब्ध गराउने ।

(च) नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने सामानहरु जहाजबाट लोड अनलोड गर्ने गराउने सुविधा दिने।

(छ) आयात निर्यात हुने मालसामानलाई नेपाल राज्यबाट वा नेपाल राज्य भित्र निर्दिष्ट ठाउँमा पुर्‍याउन निमित्त मालसामान जाँच्ने, लगत भिडाउने र भरपाई दिने कार्यहरु गर्ने ।

(ज) नेपालको निमित्त आयात हुने तथा नेपालबाट निर्यात हुने मालसामानहरुको क्लियरिङ्ग तथा फरवाडिङ्ग सेवा उपलब्ध गराउने ।

---

कम्पनीको मिति २०८३/०५/२२ गते बसेको विशेष साधारण सभाबाट स्वीकृत भएकोले सोही मिति देखि यो प्रबन्धपत्र प्रारम्भ भएको।

(झ) विभिन्न निर्दिष्ट स्थानको निमित्त प्राप्त ठूलो कन्साइन्मेन्टको धेरै परिमाणका सामानहरू स-साना कन्साइन्मेन्टमा विभाजन गर्ने।

(ञ) स-साना कन्साइन्मेन्टहरूको सामान एकत्रित गर्ने।

(ट) नेपालको निर्दिष्ट स्थानको लागी आयात भएको तथा नेपालबाट निर्यात हुने सामानहरूको परिवहन क्रममा पर्ने लोडिङ, भन्सार, जँचाउने, छाप लगाउने आदि कामको रेखदेख गर्ने गराउने।

(ठ) रेल्वे, वैगन, ट्रक तथा कन्टेनरहरूमा ताल्चा लगाउने लोड गराउने सिल लगाउने ।

(ड) नेपाली आयात निर्यातकर्ताहरूको निमित्त विभिन्न मालसामान ढुवानी गर्न जहाजमा ठाउँ उपलब्ध गराउन मध्यस्थ भई काम गर्ने ।

(ढ) आयात वा निर्यात हुने मालसामानहरूबारे सम्बन्धित अधिकारीहरूसँग सबै औपचारिक कारबाही गर्ने ।

(ण) मालसामानहरू (कार्गोज र सिपमेण्ट) को बीमा सम्बन्धी व्यवस्था गर्ने ।

(त) नेपाली आयात निर्यातकर्ताहरूलाई प्राप्त बन्दरगाह तथा पारवहन सेवा किफायती ढङ्गबाट वृद्धि गर्ने, कार्यविधि तथा व्यवस्था सम्बन्धित अनुसन्धान गर्ने र सिफारिस गर्ने।

(थ) कम्पनीको लागि आवश्यक घर, जग्गा, भवन, फर्म, पानी तथा बाटो सम्बन्धी अधिकार अन्य कारोबार, सहुलियत, विशेष अधिकार, उत्तराधिकार र कुनै मेसिनरी कारखाना, भाडावर्तन, ट्रेडमार्क र अन्य जुनसुकै प्रकारको चल वा अचल सम्पत्ति सम्पूर्ण रूपमा वा कुनै सर्तमा आफै वा संयुक्त रूपमा सहुलियत, अनुदान खरिद एकीकरण, सट्टापट्टा, भाडामा वा लाइसेन्समा वा जुनसुकै तरिकाले प्राप्त गर्ने ।

(द) कम्पनीलाई आवश्यक रेल्वे, व्हार्फस, पाएर्स, डक, पानी जहाज, लाइसेन्स लन्चेज, डुंगा र सबै किसिमका भेसलसहरु, रेल्वे इन्जिनहरु, रेलका डिव्वा र अन्य गुड्ने साधन (रौलिंग स्टक) ट्रक , लहरी, टैक्टर, कन्टेनर, ट्रेलर, लोड अनलोड गर्नमा प्रयोग हुने कलहरु क्रेनस र डेरिक्सहरु खरिद गर्ने निर्माण गर्ने, वनाउने मर्मत गर्ने भाडामा लिने वा अन्य जुनसुकै तरिकाले प्राप्त गर्ने प्रयोगमा ल्याउने वा बिक्री गर्ने वा अन्य तरिकाबाट नामसारी गर्ने व्यवस्था गर्ने ।

(ध) कम्पनीको कार्यक्षेत्र भित्रको कारोबार गर्ने वा गरिरहेका वा अधिकार प्राप्त भएका वा अन्य व्यक्ति वा व्यक्तिहरू वा कम्पनीसँग साझेदार वा अन्य प्रकारले सम्मिलित भई नाफामा भाग लिने वा नाफालाई सङ्कलन गर्ने कुनै संयुक्त कारोबार वा आपसी सहुलियत वा सहयोगद्वारा आफ्नो कारोबार चलाउने वा कम्पनीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले लाभ हुने जुनसुकै काम तथा कारोबार गर्ने ।

(न) कम्पनीको उद्देश्य पूर्तिमा सहायक हुने हक, सहुलियत तथा सुविधा प्राप्त गर्न सरकारी नगर पालिका, स्थानीय निकाय वा अन्य अधिकारीहरूसँग आवश्यक व्यवस्था गर्ने र त्यस्तो हक इत्यादिको सञ्चालन, प्रचलन तथा पालन गर्ने ।

(प) कम्पनीको उद्देश्य अनुरूप काम गर्न नेपाल राज्य बाहिर जुनसुकै देश वा स्थानमा कम्पनीलाई मान्यता प्राप्त गराउन, रजिष्टर गराउन इन्कर्पोरेट गराउन र शाखा खोल्न आवश्यक व्यवस्था गरी त्यस्तो प्रत्येक ठाउँमा कारोबार सम्बन्धी छुट्टै अभिलेख राख्ने ।

(फ) कम्पनीको कारोबार वृद्धि गर्न अन्य कुनै कम्पनीसँग छुट्टै संयुक्त उपक्रम (Joint Venture) कम्पनी स्थापना गरी कारोबार गर्ने।

(ब) नेपाल राज्य भित्र वा बाहिर कम्पनीको नाममा कुनै पनि बैंक वा बैंक सम्बन्धी कारोबार गर्न खाता खोल्न र सञ्चालन गर्ने र चेक, ड्राफ्ट हुण्डि, बील अफ लेन्डिङ वारेण्टस, बील अफ एक्सचेन्ज, प्रिमिसरी नोट वा अन्य लेनदेन सम्बन्धी वा नामसारी हुन सक्ने लिखितहरु वा सिक्योरिटीहरु जारी गर्ने, दरपीठ गर्ने वा भुक्तानी दिने वा अन्य तरिकाबाट प्रचलन (नेगोसियेट) गराउने।

(ब१) अन्य व्यक्ति तथा कम्पनीहरू वा सरकारी निकायहरूसँग सम्झौता गरी आवश्यक कारोबार गर्ने।

(भ) उपरोक्त सबै वा केही कार्यहरू गर्न वा कम्पनीको उद्देश्य बमोजिम कम्पनीलाई हित हुने कार्य गर्ने वा त्यस्ता कार्यहरूको सम्बन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न प्रिन्सिपल, एजेन्ट ठेकेदार र ट्रष्टि वा यस्तै अन्य त्यस्तै हैसियतले कार्य गर्ने वा त्यस्तो कार्य ट्रष्टी एजेन्ट मार्फत वा अन्य उपायद्वारा सम्मिलित भई वा संयुक्त रूपमा गर्ने गराउने ।

(म) नेपालबाट निकासी वा पैठारी गरिने मालवस्तुको व्यवस्थापन सरल, सुपथ तथा प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्न गराउन सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकी, कन्टेनर फ्रेट् स्टेसन, लजिष्टिक पार्क, लजिष्टिक हव जस्ता पूर्वाधारहरूको विकास गर्ने ।

(य) आफैले विकास गरेका वा नेपाल सरकारबाट सशर्त वा निशर्त रुपमा प्राप्त भएका सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकी, कन्टेनर फ्रेट स्टेसन, लजिष्टिक पार्क जस्ता पूर्वाधारहरुको आफै वा प्रतिस्पर्धात्मक बोलपत्र मार्फत पट्टा बहालमा दिई सञ्चालन तथा व्यवस्थापन सम्बन्धी काम गर्ने ।

(र) प्रतिस्पर्धात्मक बोलपत्र मार्फत पट्टा बहालमा दिई सञ्चालन तथा व्यवस्थापन भएका सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकी, कन्टेनर फ्रेड स्टेसन, लजिष्टिक पार्क जस्ता पूर्वाधारहरुमा आयात तथा निर्यातकर्ताहरुले माल वा बस्तुको निकासी तथा पैठारी गर्दाको क्रममा टर्मिनल व्यवस्थापन कम्पनीले उपभोक्ताहरूलाई उपलब्ध गराएको सेवा बापत लिने शुल्कहरूको अधिकतम दर निर्धारण गर्ने र सञ्चालन सम्झौता परिचालन गराउने ।

(ल) अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि सिमा बिन्दुमा लजिस्टिक पूर्वाधारको आवश्यकताको पहिचान र विश्लेषण गरी नीतिगत सुधारका विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने ।

(व) नेपाल पक्ष भएको व्यापार पारवहन तथा यातायात सम्बन्धी सन्धि सम्झौताबमोजिम नेपाल सरकारले तोकिदिएको अन्य कार्य गर्ने ।

(श) व्यापार लजिष्टिक सम्बन्धी अन्य कार्य गर्ने ।

४. कम्पनीको सेयरवालाहरुको दायित्व निजी रूपमा नभई निजहरूले कम्पनीको खरिद गरेको शेयर जतिको मात्रामा सिमित रहने छ ।

५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:

कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरू गर्न सक्नेछ :-

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका सर्तहरू निर्धारण गर्ने,

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ,

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने,

ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

६. कम्पनीको अधिकृत पुँजी एक करोड पचास लाख रुपैयाँको हुने छ र रू. १,०००।- को मूल्य भएको १५,०००।- (पन्ध्र हजार) शेयरमा विभाजित हुने छ । जस मध्ये हाल रु. १,०००।- को ७५००/७५०० साधारण सेयरहरु कायम गरिएको छ ।

कम्पनीको साबिकको शेयर संख्या, शेयर बाँडफाँड र शेयरधनी निम्न बमोजिम रहेको छ ।

| सि.न. | शेयरवालाको नाम | खरिद गरेको साधारण शेयरको संख्या | शेयरवालाको सहि | साक्षीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | नेपाल सरकार उ. वा. मन्त्रालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल । | ३७५० | गौतममान चिपालु उपसचिव | लिलाराज सत्याल टंगाल, गैह्रीधारा, प्रशासकीय अधिकृत, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रण कार्यालय बबरमहल, काठमाडौं नेपाल । | ३७५० | चन्द्र बहादुर श्रेष्ठ उपमहालेखा नियन्त्रक | |
| | | ७५०० | | |

वाणिज्य विभागबाट:

यस प्रबन्धपत्रमा जेसुकै लेखिएको भए तापनि कार्यान्वयन गर्दा प्रचलित कम्पनी ऐन बमोजिम मात्र हुने गरि स्वीकृत लिन पर्नेमा नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र काम गर्न पाउने गरि यो कम्पनी दर्ता गरिएको छ ।

दस्तखत
बद्रीनाथ आचार्य
२०३७/१०/०३

श्री

# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

को

## — नियमावली —

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड नेपाल सरकारको कम्पनी ऐन २०२१ को दफा १३७ (क) उपदफा १ अन्तर्गत स्थापना गरिएको छ । कम्पनीको स्रोतमा जायजेथा अपर्याप्त भए तापनि यस कम्पनीले उठाएको ऋण तथा दायित्व व्यहोर्नुपर्दा कम्पनीको शेयरवालाहरूले आफ्नो निजी सम्पत्ति वा जायजेथाबाट तिर्नुपर्ने दायित्व भएको मानिने छैन ।

१. **परिभाषाः–** यस नियमावलीमा देहायका शब्दहरूको परिभाषा देहाय बमोजिम हुने छ । तर नेपाल कानूनमा भएका कुनै शब्दको परिभाषा सँग बाझिएमा सोही कानून बमोजिमको अर्थ लाग्नेछ ।

(क) "कम्पनी" भन्नाले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनीको दर्ता भएको कार्यालय सम्झनु पर्छ ।

(ग) "समिति" वा "सञ्चालक समिति" भन्नाले नियमित रूपमा बोलाइएको र गठन भएको सञ्चालकहरूको बैठकलाई सम्झनुपर्छ ।

(घ) "सञ्चालक" भन्नाले बहाल रहेका सञ्चालकहरू वा समितिको बैठकमा भाग लिइरहेको सञ्चालकहरूलाई जनाउँदछ ।

(ङ) "प्रोक्सी" शब्दले सम्बन्धित लिखित बमोजिम अख्तियार प्राप्त व्यक्तिलाई समेत जनाउँदछ ।

(च) "रजिष्टर" भन्नाले कम्पनीको शेयरवालाहरूको नाम दर्ता भएको रजिष्टर किताब सम्झनुपर्छ।

(छ) "शेयर" भन्नाले तोकिएको मूल्यमा विभाजित भएका कम्पनीको मूल धनको एक भागलाई जनाउँदछ ।

(ज) "शेयरवाला" भन्नाले कम्पनीको एक वा बढी शेयर खरिद गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ।

(झ) "ऐन" भन्नाले कम्पनी कानून र त्यसमा भएको संशोधन तथा उक्त ऐन अन्तर्गतको नियम र आदेशलाई समेत जनाउँदछ ।

(ञ) "कानून" भन्नाले जुनसुकै ऐन वा कानूनलाई जनाउँदछ । तर उक्त शब्द भित्र कानून सरह मान्यता दिने नियम आदेश वा सूचना समेत पर्दछ ।

(ट) "लेखेर" वा लिखितमा" भन्नाले छापेर लिथो गरेर वा प्रतिलिपि झिकिएको वा अन्य कुनै तरिकाले देख्न सकिने गरि लेखिएका शब्दहरूलाई जनाउँदछ ।

(ठ) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा बाहेक कम्पनीको प्रबन्धपत्रमा वा नियमावलीमा उल्लेख भएका शब्दहरूको अर्थ नेपाल कानून व्याख्या सम्बन्धी ऐन २०१० मा भए बमोजिम गरिनेछ।

२. **कम्पनीको नामः–** नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड राखिएको छ ।

३. **कम्पनीको रजिष्टर्ड कार्यालयः–** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ६ मा रहनेछ ।

४. **कम्पनीको उद्देश्यः–** कम्पनीको उद्देश्य प्रबन्ध-पत्रको दफा-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. यो लिमिटेड कम्पनीको शेयरहरू खुला बजारमा बिक्री या नामसारी हुन सक्ने छैन । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्थाहरूलाई मात्र यस कम्पनीको शेयर बिक्री हुन सक्नेछ ।

६. यो लिमिटेड कम्पनी भएकोले शेयरवालाहरूको दायित्व सीमित रहने छ । कम्पनीको कारोबारमा घाटा परी कम्पनीले आफ्नो जायजेथाबाट सम्पूर्ण कर्जा तिर्न नसक्ने भए तापनि शेयरवालाहरूको निजी जायजेथाबाट तिर्नपर्ने छैन ।

७. नियमावलीमा सहीछाप गर्ने व्यक्तिहरू कम्पनीका तत्कालीन शेयरवाला हुनेछन् ।

८. नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक शेयर बाँडफाँट गर्ने काम सञ्चालकहरूको स्वीकृति बिना गर्न सकिने छैन ।

**पूँजी:–**

९. (क) कम्पनीको अधिकृत पूँजी एक करोड ५० लाख रुपैयाँको हुनेछ र उक्त पूँजी रु १०००।- को मूल्य भएको प्रत्येक शेयरको १५,०००।- शेयरहरूमा विभाजित गरिनेछ ।
(ख) प्रत्येक शेयरको ७५००/७५०० शेयरहरूमा विभाजित गरिएको छ ।

१०. कम्पनीको शेयरवालाहरूको वार्षिक साधारण सभाले पास गरेपछि कम्पनीले सम्बन्धित निकायको स्वीकृति लिई कम्पनी कानून को व्यवस्था बमोजिम आफ्नो शेयर पूँजीमा वृद्धि गर्न वा विभाजित गर्न वा एकत्रित गर्न सक्नेछ।

११. कम्पनीको शेयरहरू सञ्चालक समितिको नियन्त्रणमा हुनेछ र शेयरहरूको बिक्री वितरण सञ्चालक समितिको निर्णयानुसार हुनेछ । तर जारी भएको शेयरको ५० प्रतिशत बिक्री भई पुरा भुक्तानी नभए सम्म शेयर बाँडफाँट गरिने छैन ।

१२. शेयर बाँडफाँट गर्दा सम्बन्धित शेयरको मूल्यको ४० प्रतिशतको अग्रिम भुक्तानी नभएसम्म बाँडफाटको काम गरिने छैन ।

१३. शेयरको प्रमाणपत्रमा कम्पनीको छाप र कम्पनीका दुई जना सञ्चालकहरूको सही हुनुको साथै शेयरहरूको क्रमसंख्या, खरिद गरेको शेयरहरूको संख्या र भुक्तानी दिएको रकम उल्लेख भएको हुनु पर्दछ । उक्त कुरा दर्ता किताबमा उल्लेख भएको छ भने निस्साको निमित्त समितिले अख्तियार दिएको कर्मचारीको सही समेत भएको हुनु पर्दछ ।

१४. आफ्नो नाममा दर्ता भएको सबै शेयरहरूको प्रत्येक शेयरवालाले एउटा मात्र प्रमाणपत्र पाउने छ । अथवा निजले चाहेमा आफूले खरिद गरेको शेयरहरू विभाजित गरी दुई वा बढि प्रमाणपत्र लिन पाउने छ । संयुक्त रूपमा शेयर लिएमा जुन व्यक्तिको नाम शेयर दर्ता किताबमा प्रथम उल्लेख भएको छ, सोही व्यक्तिलाई प्रमाणपत्र दिइनेछ ।

१५. कुनै प्रमाणपत्र झुत्रो भएमा वा केही कुरा मेटिएमा उक्त प्रमाणपत्र बदर गरी नयाँ प्रमाणपत्र लिन सञ्चालक समितिमा पेस गर्न सक्नेछ।

१६. कुनै प्रमाणपत्र हराएमा वा नास भएमा सञ्चालक समितिलाई सन्तोष हुने किसिमको सबुद प्राप्त भएमा समितिले नेपाल राज्यका प्रमुख पत्रपत्रिकामा सूचना प्रकाशित गर्नेछ । उक्त सूचना प्रकाशित भएको ३५ दिनपछि उक्त प्रमाणपत्र बदर गरी नयाँ प्रमाणपत्र दिने आदेश गर्न सक्नेछ । यस नियम बमोजिम जारी हुने प्रमाण पत्रको सम्बन्धमा प्रत्येक प्रमाणपत्र बापत रु. ५ दस्तुर लिइने छ।

१७. शेयरहरू एक वा बढी व्यक्तिहरूको संयुक्त नाममा वा कुनै लिमिटेड कम्पनी वा कुनै सङ्गठित संस्थानको नाममा रजिष्टर हुन सक्नेछ।

१८. शेयर खरिद गर्न दरखास्तसाथ खरिद गरिने शेयरको मूल्यको १० प्रतिशत नघटाई पेस्की जम्मा हुनु पर्दछ । दर्खास्त स्वीकृत भएको ६ महिना भित्र उक्त शेयरको मोलको सम्पूर्ण बाँकी रकमको पूर्ण भुक्तानी सञ्चालक समितिले तोके बमोजिम भई सक्नु पर्दछ।

१९. कम्पनीको शेयर खरिद गर्न दरखास्तवालाले आफूले खरिद गर्ने शेयरको मूल्यको दस प्रतिशत रकम निवेदन साथ जम्मा गर्नु पर्दछ । उक्त शेयरहरू बापतको बाँकी भुक्तानी कम्पनीले शेयर तोकेको र भुक्तानी मागेको सूचना प्राप्त भएपछि गर्नु पर्ने छ । तर त्यस्तो सूचना भुक्तानी दिन तोकिएको मिति भन्दा ३ हप्ता अघि दिइने छ । उक्त सूचनामा भुक्तानी दिनु पर्ने व्यक्तिको नाम र ठेगाना र भुक्तानी गर्ने ठाउँ समेत उल्लेख गरिनेछ।

२०. भुक्तानी हुन बाँकी भएको शेयर बिक्री वितरण गर्ने अधिकार समितिको हुनेछ र त्यस्तो शेयर बिक्री गर्दा सम्बन्धित शेयरवालाहरूलाई वा निजहरूको प्रतिनिधिलाई उपयुक्त किसिमसँग कम्तीमा तीन हप्ताको पूर्वसूचना दिनुपर्ने छ। भुक्तानी नगरे बापत यस नियम बमोजिम शेयर जफत गर्ने कारबाही उक्त अवधिपछि सञ्चालक समितिले गर्न सक्नेछ।

२१. जफत भएको शेयरहरू बिक्री भई आएको रकम शेयर बापत कम्पनीले लिनुपर्ने रकमको भुक्तानीमा असुल गरी बाँकी रहन आएको शेयरवाला वा निजको हकवाला वा प्रतिनिधिलाई भुक्तानी दिइनेछ।

२२. शेयर जफत भएपछि उक्त शेयरको सम्बन्धमा वा सो बापत यस नियमावलीमा व्यवस्था भए बाहेक कम्पनीको विरुद्ध शेयरवालाको कुनै प्रकारको दाबी गर्ने अधिकार रहने छैन।

२३. यस नियमावली बमोजिम जफत भएको शेयरहरू रजिष्टरमा समेत खारेज जनाई राख्नु पर्नेछ । यसरी खारेज भएको संख्या जतिको नयाँ शेयरहरू खरिद गर्नेलाई दिइनेछ र यस किसिमसँग नयाँ शेयर प्राप्त गर्ने व्यक्तिले आफूले खरिद गर्नु अघिको उक्त शेयर सम्बन्धी कुनै दायित्व बेहोर्नुपर्ने छैन।

२४. कम्पनीले आफ्नो शेयर खरिद गर्न कसैको तर्फबाट धनजमानी दिने वा पेस्की दिने गरी आफ्नो पूँजी खर्च गर्ने छैन ।

**<u>शेयरको नामसारीः–</u>**

२५. कुनै शेयर नामसारी गर्नुपर्दा नेपाल कम्पनी कानूनमा तोकिएको ढाँचामा नामसारी लिखित तयार गरी नामसारी गर्न गराउने दुवै व्यक्तिको मन्जुरी भएको लिखित गरी सही गराउनु पर्दछ र साथै पत्यारका साक्षीहरूको नाम र सही पनि भएको हुनु पर्दछ । उक्त नामसारी कम्पनीमा रजिष्टर हुनु अगावै माथि उल्लेख भए बमोजिमको नामसारीको कागजपत्र सो सम्बन्धितको प्रमाणपत्र तथा ठेकिएको नामसारी दस्तुर कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाउनु पर्दछ।

२६. समितिले नामसारीको दरखास्त अस्वीकृति गर्न सक्नेछ र त्यसको कारण दिन कम्पनी बाध्य हुने छैन । पुरा भुक्तानी नभएको शेयरमा कम्पनीले कुनै किसिमले अग्रिम अधिकार (लिखित) पाएको शेयरको सम्बन्धमा नामसारी गर्न समितिले अस्वीकार गर्न सक्नेछ ।

२७. नामसारी सम्बन्धी जुनसुकै लिखित नामसारी हुने प्रमाणपत्र र नामसारी दस्तुर कम्पनीको रजिष्टर्ड अफिसमा पेस गर्नु पर्दछ । साथै नामसारी गरी दिने व्यक्तिको उक्त शेयरहरू सम्बन्धमा भएको अधिकार वा नामसारी गरी दिन सक्ने अधिकार सम्बन्धी प्रमाण पत्रहरू पनि पेस गर्नु पर्दछ।

२८. सञ्चालकहरूले नामसारी गर्न अस्वीकृत गरेको अवस्थामा बाहेक नामसारी लिखित कम्पनीको रजिष्टर्ड अफिसमा राखिने छ। कुनै प्रमाणपत्र हराएमा वा नास भएमा पनि सञ्चालकहरूको चित्त वुझेमा सो सम्बन्धी सबुद प्रमाण पेस नभएमा पनि नामसारी गरिदिन सक्नेछ ।

२९. समितिले प्रमुख पत्रपत्रिकाहरूमा १० दिनको पूर्व सूचना प्रकाशित गरी कम्पनीको हिसाव खाताहरूमा र रजिष्टर्ड किताब वर्षमा ४५ दिनमा नबढाई बन्द राख्न सक्नेछ । तर एक पटकमा ३ दिन भन्दा बढी अवधिको लागी त्यस्तो खाता वा किताब बन्द राख्न सकिने छैन ।

**ऋण उठाउने अधिकार:–**

३०. सञ्चालकहरूले उचित ठानेमा नेपाल सरकारको पूर्व स्वीकृति लिई समय समयमा आवश्यक भएको रकम कम्पनीको कारोबारको लागी सञ्चालकहरूबाट बैंक, व्यापारिक संस्था वा अन्य स्रोतहरूबाट जमानत दिई वा नदिई ऋण उठाउन सक्नेछ ।

३१. कम्पनीको सम्पत्तिमा असर पर्ने गरी बन्धक वा जिम्मा जमानी गर्नु परेमा सञ्चालकहरूले रितपूर्वकको रजिष्टर किताबमा ऐन बमोजिम सोको विवरण लिखित रूपमा राख्न व्यवस्था गर्ने छ ।उक्त कार्य ऐनमा भएको व्यवस्थाको पूरा पुरा पालन गर्नु पर्ने छ ।

**पूंजी घटाउने वा बढाउने:–**

३२. साधारण सभाले पास गरेपछि र नेपाल सरकारको स्वीकृति प्राप्त भएमा कम्पनीले आफ्नो शेयर पुंजी बढाउन र शेयरहरूलाई वर्गीकरण गर्न सक्नेछ ।

३३. यस नियमावलीको दफा ३२ बमोजिम नया बिक्री गरीने शेयरहरू कम्पनीको रजिष्टर भएको शेयरवालाहरूलाई निजहरूले पुरा भुक्तानी गरी सकेको शेयरको अनुपातमा खरिद गर्ने प्राथमिकता दिइनु पर्दछ। यसरी नया बिक्री गरिने शेयरहरू खरिद गर्ने सूचना कम्तीमा २१ दिन अगावै सम्बन्धित शेयरवालाहरूलाई दिइनेछ। उक्त २१ दिनको अवधि भित्र बिक्री भई बाकी रहेका शेयर अन्य व्यक्तिहरूलाई बिक्री गर्न सकिनेछ ।

३४. कम्पनीले साधारण सभामा प्रस्ताव पास गराई देहाय बमोजिम तरिकाले शेयर पूंजी घटाउन सक्नेछ।

(क) जारी नभएका शेयरहरू बदर गर्ने ।
(ख) शेयर होल्डरबाट शेयर फिर्ता दिन आएमा फिर्ता लिने ।
(ग) शेयरको निर्धारित मूल्यमा कमी गर्न ।
(घ) उपरोक्त तीन उपाय मध्ये संयुक्त रूपमा कुनै उपाय द्वारा ।

३५. कम्पनीको प्रारम्भिक सभा कम्पनी रजिष्टर्ड भएको वा कारोबार सुरु गरेको ६ महिना भित्र वा जारी भएको शेयरको आधा मूल्य असुल भएको २१ दिन भित्र बोलाइनु पर्दछ ।

३६. कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीको प्रारम्भिक सभा भएको मितिले १२ महिना भित्र बोलाइनु पर्दछ । र त्यस पछि प्रत्येक वर्षमा एक पटक उक्त सभा हुने छ । तर एक वार्षिक साधारण सभा र अर्को सभाको बीचमा १४ महिना भन्दा बढी अवधि व्यतीत नभएको हुनु पर्दछ ।

३७. कम्पनीको साधारण सभा समितिले आवश्यक सम्झेको अवस्थामा १५ दिनको पूर्व सूचना दिई वा शेयरवालाहरूको कुल संख्याको १/४ सदस्यहरूले माग गरेमा बोलाइने छ । र एक वार्षिक साधारण सभा बाहेक कम्पनीको अन्य सबै सभाहरूलाई विशेष साधारणसभा मानिने छ।

३८. साधारण सभा बोलाउँदा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको छोटकरी विवरण समेत खुलाई लिखित सूचना दिनु पर्दछ । वार्षिक साधारण सभा बोलाउदा कम्तीमा २१ दिनको पूर्व सूचना दिनु पर्दछ । र विशेष साधारणसभाको निमित्त १५ दिनको पूर्व सूचना आवश्यक हुने छ ।

३९. शेयरवालाहरू र निजहरूका प्रोक्सीहरूले साधारण सभामा आफ्नो शेयर संख्याको अनुपातमा मतदान दिन पाउने छन् ।

४०. साधारण सभामा छलफल भएका विषयहरू सभामा उपस्थित भएका कुल शेयर संख्याको आधि भन्दा बढी मतले पारित हुन सक्नेछ तर त्यस्ता संख्या भुक्तानी भएको शेयर संख्याको १/२ भन्दा कम हुने छैन । यसरी पारित भएको प्रस्तावहरू सबै शेयरवालालाई मात्र बाध्य हुने छ।

४१. कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गर्न शेयरवाला वा प्रोक्सी को उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ ।

४२. गणपुरक संख्या नपुगी पहिलो पटक सभा बस्न नसकेमा स्थान र समय तोकी कम्तीमां ७ दिनको पूर्व सूचना दिई सभा बोलाइने छ । यसरी गणपुरक संख्याको अभावमा स्थगित भएको सभा बस्दा कम्तिमा एक तिहाई शेयरवालाहरूको उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिने छ ।

४३. साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा अन्य कुनै सञ्चालकलाई अध्यक्ष छान्न सकिने छ । उक्त सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा शेयरवालाहरूले दर्ता भएको कुनै पनि शेयरवालालाई अध्यक्ष छान्न सक्नेछ ।

४४. सभामा पारित हुने विषयहरूमा सदस्यहरूले हात उठाएर आफ्नो मतदान दिने छन् । तर यदि मतदानको निर्णयमा दुविधा भएमा वा शेयरवालाको कति संख्याको प्रतिनिधित्व भएको छ भन्ने कुरामा शंका भएमा लिखित रूपमा मतदान लिइने छ । मत बराबर हुन गएमा अध्यक्षले शेयरवालाको हैसियतमा आफ्नो साधारण मतको अलावा निर्णयात्मक मत दिन पाउने छ ।

४५. साधारण सभामा उपस्थित एक तिहाई वा बढी सदस्यहरूले मतदान लिखित रूपमा हुन पर्छ भन्ने माग गरेमा सोही बमोजिम मतदान लिइने छ र त्यसको परिणाम सभाको निर्णय मानिने छ ।

४६. संयुक्त रूपमा लिएको शेयरको सम्बन्धमा जुन व्यक्तिको नाम सबै भन्दा पहिला दर्ता किताबमा लेखिएको हुन्छ। सो व्यक्ति वा निजको प्रोक्सीले मात्र मतदानमा भाग लिन पाउने छ ।

४७. कुनै शेयरवालाले प्रोक्सी नियुक्ति गर्न चाहेमा नेपाल कम्पनी ऐन द्वारा तोकिएको फर्ममा लिखित रूपमा नियुक्ति गर्ने छ । उक्त नियुक्ति सम्बन्धी पत्र कम्पनीको कार्यालयमा सभा हुन भन्दा ४८ घण्टा अगावै दर्ता भई सकेको हुनु पर्दछ । अन्यथा सो नियुक्तिलाई मान्यता दिइने छैन ।

४८. कुनै सभामा प्रोक्सीले मतदान गरेको शेयरवालाको मृत्यु भएको वा नियुक्ति वदर भएको कारणले मात्र बदर हुने छैन । तर त्यस्तो मृत्यु भएको वा नियुक्ति वदर भएको सूचना कम्पनीको कार्यालयमा

सभा हुनु भन्दा १२ घण्टा अगावै प्राप्त भएको रहेछ भने त्यसको प्रोक्सीको मतलाई मान्यता दिइने छैन ।

४९. कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सञ्चालकहरूको प्रतिवेदन लेखा परिक्षण भईसकेको हिसाव सम्वन्धी प्रतिवेदन अडिटरको प्रतिवेदन प्रोक्सी नियुक्ति पत्र तथा रजिष्टर पेस गरीने छ । अडिटरको प्रतिवेदन सभामा पढेर सुनाईने छ र जुनसुकै शेयरवालाले निरिक्षण गर्न (हेर्न) पाउने गरी खुला राखिने छ ।

५०. **सञ्चालक समिति:–** यस कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन।

क. सचिव, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय -अध्यक्ष
ख. सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय -सदस्य
ग. सहसचिव, गृह मन्त्रालय -सदस्य
घ. सहसचिव, पूर्वाधार विकास मन्त्रालय -सदस्य
ङ. महानिर्देशक, भन्सार विभाग -सदस्य
च. प्रमुख कार्यकारी अधिकृत, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड -सदस्यसचिव

५१. कम्पनीको प्रमुख कार्यकारी अधिकृत को नियुक्ति यस नियमावली ५२ बमोजिम नेपाल सरकारले गर्नेछ।

५२. प्रमुख कार्यकारी अधिकृत को नियुक्ति नेपाल सरकारले गर्नेछ र निजको कार्य अवधि ३ वर्षको हुनेछ ।

५२. (क) प्रमुख कार्यकारी अधिकृतको योग्यता देहाय बमोजिम हुनेछ :

- मान्यता प्राप्त विश्व विद्यालयबाट व्यवस्थापन वा अर्थशास्त्र वा इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,
- उमेर ६५ वर्ष ननाघेको ।
- नेपाल सरकार वा अन्य कुनै संघ संस्थामा रही अन्तर्राष्ट्रिय व्यापार वा पारवहन वा यातायात वा गोदाम वा बन्दरगाह व्यवस्थापन वा सार्वजनिक व्यवस्थापन वा निर्माण व्यवस्थापन वा सार्वजनिक खरिद व्यवस्थापन वा आपूर्ति श्रृङ्खलाको क्षेत्रमा कम्तीमा १० वर्ष अधिकृत स्तरको पदमा काम गरी अनुभव प्राप्त गरेको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

५३. कम्पनीको सञ्चालक समिति, पदपूर्ति समिति तथा सञ्चालक समितिबाट गठित अन्य उपसमितिहरूका सदस्यहरूलाई सञ्चालक समितिले तोके बमोजिमको बैठक भत्ता उपलब्ध गराइने छ । यस्तो भत्ता उपलब्ध गराउँदा अन्य सार्वजनिक संस्थाहरूले उपलब्ध गराएको भत्ता र नेपाल सरकारबाट समय समयमा तोकिएको निर्देशिकालाई समेत आधार मानिने छ । कम्पनीको रजिष्टर्ड केन्द्रीय कार्यालय रहेको स्थानभन्दा १५ माइल परिधि बाहिर कम्पनीको बैठक वा कार्यक्रममा भाग लिन जानु परेमा लाग्ने सम्पूर्ण खर्च कम्पनीबाट व्यहोरिने छ ।

५४.सञ्चालकहरूको कुल संख्याको ५० (पचास प्रतिशत) सदस्यहरू उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिने छ ।

५५.समितिको सभाको अध्यक्षता अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा सञ्चालकहरूले आफु मध्ये एक जनालाई सभापति छान्ने छन् ।

५६.सञ्चालक समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ, सरोकारवाला तथा सम्बन्धित कर्मचारीहरूलाई आमन्त्रित गर्न सकिने छ ।

५७.समितिको निर्णय बहुमतद्वारा हुने छ । मत बराबर भएमा अध्यक्षले दोस्रो र निर्णयात्मक मत दिन पाउने छ।

५८.समितिले सञ्चालकहरू, शेयरवालाहरू वा कम्पनीका अधिकृतहरू वा बाहिरका व्यक्तिहरू समेत सदस्यहरू रहन सक्ने गरी विशेष कामको लागी समिति तथा उपसमितिहरू गठन गर्न सक्नेछ । समितिले त्यस्तो उपसमितिलाई आफ्नो अधिकारहरू प्रत्यायोजन वा दिइएको अधिकार फिर्ता लिन सक्नेछ । यस किसिमसँग गठन भएको उपसमितिले प्रदान गरीएको अधिकार प्रयोग गर्ने सम्बन्धमा समितिबाट तोकिएको कार्यविधि अपनाउने छ ।

५९.सञ्चालक देहायको अवस्थामा आफ्नो पदमा बहाल रहेको मानिने छैन ।

(क) मगज बिग्रेको भएमा ।

(ख) प्रोक्सी नियुक्ति भएको नियुक्ति पत्र फिर्ता लिएमा ।

(ग) आफ्नो पदको प्रभाव जनाई कम्पनीसँग व्यापार वा ठेक्काको काम गर्न आफै वा अन्य कुनै व्यक्तिसँग सांठगांठ गरी फाइदा लिने प्रयत्न गरेमा ।

(घ) चोरी किर्ते घुस वा अन्य जालसाजी गरेको अभियोगमा सजाय पाएमा ।

(ङ) समितिको लगातार तीन बैठकमा पर्याप्त कारण नभई अनुपस्थित भएमा र

(च) अदालतबाट निजलाई टाट उल्टेको ठहराएमा ।

## समितिको अधिकारहरू :—

६०.साधारणसभाबाट निर्णय हुने विषय बाहेक कम्पनीको कारोबार चलाउने वा रेखदेख गर्ने सम्पूर्ण जिम्मेवारी तथा अधिकार सञ्चालक समितिको हुने छ ।

६१.समितिले कम्पनीको दैनिक कार्य सञ्चालक गर्नका लागि प्रचलित नेपाल कानून बमोजिमको प्रक्रिया पुरा गरी आवश्यक कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

६२. प्रमुख कार्यकारी अधिकृत र अन्य कर्मचारीहरूको पारिश्रमिक, भत्ता र अन्य सेवा सर्तहरू तोकिए बमोजिम हुने छ ।

६३. प्रमुख कार्यकारी अधिकृत र अन्य कर्मचारीहरूको कर्तव्य र अधिकार समितिले निर्धारित गरे बमोजिम हुने छ ।

६४.समितिलाई देहायका अधिकार प्राप्त हुने छ :—

(क) चल वा अचल सम्पत्ति र कुनै सम्पत्तिको चलन गर्ने अधिकार समितिले उचित ठहराएको मूल्यमा र सर्तमा खरिद गर्न भाडामा लिने वा ठेक्कामा प्राप्त गर्ने ।

(ख) कम्पनीको चल वा अचल सम्पत्ति र कुनै सम्पत्तिको चलन गर्ने बेच्ने, भाडा दिने वा अन्य तरिकाले हस्तान्तरण गर्ने ।

(ग) कम्पनीको सामान्य कारोबार सञ्चालनको सिलसिलामा रुपैयाँ भुक्तानी लिने र दिने वा अन्य तरिकाबाट क्षतिपूर्ति गरीदिने ।

(घ) जमानत दिई वा नदिई वा कम्पनीको सम्पत्ति वा जायजेथाको ऋण उठाउने ।

(ङ) जमानत लिइ वा नलिई ऋण दिने भुक्तानी नभएको ऋणको जमानत बिक्री गर्ने ।

(च) अन्य कम्पनीहरूमा लगानी गर्ने ।

(छ) कम्पनीको कारोबारको सम्बन्धमा कम्पनीको पूँजी वा तत्काल आवश्यक नभएको संचित रहेको धनलाई सेक्युरिटीको रूपमा लगानी गर्ने र त्यस्तो लगानीको रकम बढाउने घटाउने वा फिर्ता असुल गर्ने ।

(ज) कम्पनीको कारोबार सञ्चालक गर्न निमित्त कम्पनीको नाममा बैंकमा खाता खोल्ने र बील अफ एक्सचेन्ज, प्रोमीसरी नोट, हुण्डी, चेक, ड्राफ्ट र अन्य लिखितहरू जारी गर्ने स्विकार गर्ने वा दरपिठ गर्ने ।

(झ) कम्पनीको मालसामान, सेवा वा अन्य दावी सम्बन्धमा प्राप्त हुने भुक्तानी भर्पाई दिने मिन्हा दिने वा अन्य प्रकारको छुट दिने ।

(ञ) कम्पनीको सम्पूर्ण वा आंशिक सम्पत्तिको आधारमा ठेक्का पट्टा वा सम्झौता गर्ने ।

(ट) कुनै शेयरवालाले आफ्नो सबै वा आंशिक शेयरहरू फिर्ता गर्न ल्याएमा सम्बन्धित दुवै पक्षले मन्जुर गरेको सर्तमा व्यवस्था मिलाउने ।

(ठ) कम्पनीको विरुद्ध वा कम्पनीको तर्फबाट भएको कुनै दावीलाई मध्यस्थको निर्णयको निमित्त पठाउने र निजको निर्णय बमोजिम गर्ने ।

(ड) कम्पनीको तर्फबाट सम्पत्ति वा अन्य काम कुराको सम्बन्धमा कुनै कानूनी कारवाहि दायर गर्ने सम्झौता गर्ने त्याग वा प्रतिरक्षा गर्ने ।

(ढ) कम्पनीको कारोबारको हितमा आवश्यक स्थानमा शाखा वा उपशाखाहरू खोल्ने वा परियोजना स्थापना गरी आवश्यक कर्मचारी व्यवस्थापन समेत गर्ने ।

(ण) कम्पनीको कुनै सञ्चालक वा कार्यकारी अधिकारीलाई आवश्यक तथा उचित सम्झेजति जिम्मेवारी तथा अधिकार सुम्पने वा फिर्ता लिने ।

(त) कम्पनीको जायजेथाको जिम्मा लिने व्यक्ति वा व्यक्तिहरूको नियुक्ति गर्ने ।

(थ) कम्पनीको विशेष कामको लागी नेपाल राज्य भित्र वा बाहिर तोकिएको सर्त तथा अधिकार प्रयोग गर्न पाउने गरी एजेन्टहरूको नियुक्ति गर्ने ।

(द) कम्पनीको कारोबार चलाउनका निमित्त तथा कम्पनीको अधिकारीहरू, कर्मचारी सदस्य वा कार्यकारी अधिकृतको काम कर्तव्य सम्बन्धमा आवश्यक विनियम तथा नियमहरू बनाउन सम्बोधन गर्ने वा खारेज गर्ने ।

(ध) कम्पनीको नाममा वा कम्पनीको तर्फबाट कम्पनीको कुनै अरु उद्देश्यको निमित्त उपरोक्त कुनै काम कुराहरू गर्न वा अन्य कुनै काम गर्न ठेक्का पट्टा गर्ने वा त्यस्तो ठेक्का पट्टा संशोधन वा खारेज गर्ने र सो सिलसिलामा आवश्यक अन्य सबै किसिमको कारोबार गर्ने ।

(न) कम्पनीको कामको निमित्त सञ्चालकहरूको कुनै व्यक्तिलाई वारिसनामा दिने ।

(प) कम्पनीको ऋणहरू असुल गर्ने वा भुक्तानी दिने तथा आवश्यकतानुसार त्यस्तो ऋणको भुक्तानी अवधि बढाउने ।

६५. सञ्चालक समितिले प्रत्येक बैठक र उपसमितिको बैठकको कार्य विवरण माईन्यूट बुकमा उतार्न लगाउने छ । यस्तो बैठक र कार्य विवरण अध्यक्ष र उपस्थित सञ्चालकहरूको हस्ताक्षरबाट प्रमाणित गरी राखिने छ ।

६६. कम्पनीको छाप सञ्चालक समितिको वा समितिले तोकिदिएको सञ्चालकको जिम्मा सुरक्षित ढङ्गले राखिने छ ।

६७. सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्ने छ ।

६८. समितिले ऐन व्यवस्थाको अधीनमा रहि आफूमा भएको अधिकार, अख्तियार इत्यादि सबै वा आंशिक रूपमा कुनै एक सञ्चालक वा अधिकृत वा कुनै फर्म तथा कम्पनी इत्यादि लाई सुम्पिन सक्नेछ ।

<u>हिसाबको खाता र अडिटिङ्ग :—</u>

६९. सञ्चालक समितिले कम्पनीको कारोबार र आर्थिक अवस्थाको सही मूल्यांकन हुन सक्ने गरी नेपालीमा हिसाबकिताब राख्न लगाउने छ । र उक्त हिसाबकिताबको अंग्रेजी प्रति समेत तयार गर्न लगाउने छ ।

७०. कम्पनीको हिसाबकिताब कम्पनीको रजिष्टर्ड कार्यालयमा राखिने छ र कार्यालय समयमा सञ्चालकहरू र शेयरवालाहरूले निरीक्षण गर्न पाउने छन् ।

७१. वर्षमा कम्तीमा एक पटक कम्पनीको हिसाबकिताबको जाँच लेखापरीक्षकले गर्ने छ । त्यसरी जाँच गर्दा कम्पनीको व्यालेन्स सीट र नाफा नोक्सानीको हिसाव ठिक बेठिक एकिन गर्ने छ र उल्लेख भएको जायजेथाहरू भए नभएको भिडाई हेर्ने छ ।

७२. कम्पनीको अन्तिम लेखापरिक्षण महालेखापरिक्षकको कार्यालय वा सो कार्यालयले तोकेको लेखापरिक्षकले गर्नेछ।

७३. लेखा परिक्षकको नियुक्ति र निजहरूलाई प्रदान गरीने पारिश्रमिक वार्षिक सधारण सभाले स्वीकृत गर्नुपर्ने छ ।

<u>संचित ह्रास कट्टी कोष :—</u>

७४. कम्पनी ऐन र नेपाल कानूनको व्यवस्थाको अधिनमा रहि समितिले निर्णयानुसार रिजर्भ तथा ह्रास कट्टी कोष खडा गर्न सक्नेछ ।

<u>मुनाफा :—</u>

७५. शेयरवालाहरूमा वितरण हुने लाभांशको रकम साधारण सभाले निर्धारित गरे बमोजिम हुने छ । तर त्यस्तो लाभांशको रकम समितिले सिफारिस गरेको रकम भन्दा बढी हुनु हुदैन ।

७६. लाभांश कम्पनीको मुनाफाको रकमबाट मात्र दिइने छ र वितरण नभएको लाभांशको सम्बन्धमा कुनै व्याज हुदैन ।

७७. कुनै नामसारी भएको शेयरको सम्बन्धमा नामसारी दर्ता हुनु अगावै साधारण सभाबाट सिफारिस भएको लाभांश, नामसारी गरीलिने व्यक्तिले पाउने छैन ।

७८. संयुक्त रूपमा लिएको शेयरको सम्बन्धमा कुनै एक सदस्यले लाभांश लिएको भर्पाई भएमा अन्य सदस्यहरूले सो लाभांश पाईसकेको भन्ने प्रमाणित भएको मानिने छ ।

७९. शेयरवालाहरूले पाउने लाभांश चेक, हुण्डी वा मनी अर्डरद्वारा निजहरूको ठेगानामा हुलाकद्वारा पठाईने छ र संयुक्त रूपमा लिईएको शेयरको सम्बन्धमा त्यस्तो लाभांश रजिष्टरमा प्रथम नाम हुने सदस्यको नाम र ठेगानामा हुलाक द्वारा पठाईने छ ।

८०. ऐनले निर्धारित गरेको अवधि भित्र दावी नगरेको लाभांश समितिको निर्णयमा जफत हुन सक्नेछ।

**शेयरवालाहरूको रजिष्ट्रेशन :—**

८१. प्रत्येक शेयरवालाले कम्पनीको रजिष्टर्ड अफिसमा आफ्ना ठीक र पुरा ठेगाना कम्पनीको दर्ता किताबमा जनाउन लगाई राख्नु पर्छ कम्पनीको तर्फबाट दिइने सूचनाहरू व्यक्ति वा हुलाक द्वारा सोही ठेगानामा पठाउने छ ।

८२. कुनै सूचना हुलाकद्वारा पठाइएकोमा शेयरवालाले उक्त सूचना हुलाकमा खसाले पछि नै प्राप्त भएको छ भन्ने मानिने छ ।

८३. ठेगाना नभएको शेयरवालालाई दिइने सूचना कम्पनीको अफिस रहेको ठाउँको प्रमुख पत्रपत्रिकामा प्रकाशित भएको मितिमा सो सूचना प्राप्त गरेको मानिने छ ।

८४. कम्पनीको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, सचिव वा अन्य कुनै जुनसुकै कर्मचारीले आफ्नो पदको हैसियतमा कम्पनीको तर्फबाट काम गर्दा निज उपर चलाइएको देवानी वा फौजदारी मुद्दामा निजले तिर्नुपर्ने क्षतिपुर्तिको रकम कम्पनीको कोषबाट व्यहोरिने छ ।

कम्पनीको साविकको शेयर संख्या, शेयर बांडफाँड र शेयर धनी निम्न बमोजिम रहेको छ ।

| सि.न. | शेयरवालाको नाम | खरिद गरेको साधारण शेयरको संख्या | शेयरवालाको सही | साक्षीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | नेपाल सरकार उ. वा. मन्त्रालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल । | ३७५० | गौतममान चिपालु उपसचिव | लिलाराज सत्याल टंगाल, गैह्रीधारा, प्रशासकीय अधिकृत, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रण कार्यालय बबरमहल, काठमाडौं नेपाल । | ३७५० | चन्द्र बहादुर श्रेष्ठ उपमहालेखा नियन्त्रक | |
| | | ७५०० | | |

<u>वाणिज्य विभागबाट</u>

यस नियमावलीमा जेसुकै लेखिएको भए तापनि कम्पनी ऐनमा प्रतिकूल प्रभाव नपर्ने गरी कम्पनीको काम सञ्चालक गर्न स्वीकृति गरीएको छ ।

दस्तखत
बद्रीनाथ आचार्य
शाखा अधिकृत
२०३७/१०/३